बारा  जिल्लाको हर्दिया प्रसुरामपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ८३ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ चैत्र १४ गते बारा जिल्लाको हर्दीया, प्रशुरामपुरमा **"ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम"** सम्पन्न गरेको संस्थाका तेलकुवा शाखा कार्यालयका शाखा प्रमुख श्री राम किशोर चौधरीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री राधेश्याम साहनी र  श्री राम किशोर चौधरीले रहेका थिए ।

मैनबत्ती बालेर तालिमको उद्घाटन तथा मन्तव्य क्षेत्रीय कार्यालय बिरगंज पर्साका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनीले दिनु भएको थियो । एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री राधेश्याम साहनीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत मन्तव्य तेलकुवा शाखाका लेखापाल श्री संतोष कुमार

सिंहले गर्नु भएको थियो साथै तालिमको उद्देश्य बारेमा संस्थाको तेलकुवा शाखा कार्यालयका प्रमुख श्री राम किशोर चौधरीले प्रकाश पारेका थिए ।
यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा व्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम व्यवस्थापन, बिमा, विप्रेषण सेवा, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यानदिनु पर्ने कुराहरु, बचतको महत्व तथा बैंकको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु , खर्चको बजेट बनाउदा चाहना भन्दा अवश्यकतालाई बढि प्राथमिकता दिने र बचत गर्दा मेरो पैसा कहाँ सुरक्षित हुन्छ कुन बैक तथा वित्तीय संस्थामा बढी ब्याज पाइन्छ सोको जानकारी लिई मात्र बचत गर्ने बारेमा जानकारी हासिल गरेको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको संस्थाका कार्यक्रम अधिकृत श्री राधेश्याम सहानीले बताएका थिए ।



निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८२ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९३ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमुलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

संस्थाले २०७५ माघ मसान्त सम्ममा ३ लाख ४१ हजार ३८४ घर परिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ माघ मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ५३ करोड ३७ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ८० करोड ५ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाक शाखा प्रमुख श्री संजय चौधरीले जानकारी गराएका थिए ।